# नेपाल राष्ट्र बैंक
# विदेशी विनिमय व्यवस्थापन विभागको
# सूचना

(मिति २०७२/७/१८ को निर्णयानुसार)

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०क. बमोजिम विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्ने र उक्त ऐनको दफा १०ख. बमोजिम विदेशी विनिमयमा ऋण लिने तथा सोही ऐनको दफा १०ग. बमोजिम विदेशी मुद्रामा नेपाल बाहिर लगानी फिर्ता लैजाने प्रयोजनका लागि नीतिगत व्यवस्था भई सर्वसाधारणलाई सूचित समेत भइसकेकोमा देहाय बमोजिम सर्त तथा कागजातका आधारमा नेपाली फर्म, कम्पनी वा संस्थाहरुले **आफ्नै कम्पनीका विदेशी व्यक्तिगत लगानीकर्ताबाट विदेशी मुद्रामा ऋण लिन यस बैंकले स्वीकृति दिन** सक्ने नीतिगत व्यवस्था गरी विद्यमान सूचनाको बुँदा (ख) को (अ) (आ) पछि देहाय बमोजिम (इ) थप गरिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

**(इ) नेपाली फर्म, कम्पनी,उद्योग वा अन्य संस्थाहरुले आफ्नै कम्पनीका विदेशी व्यक्तिगत लगानीकर्ताबाट विदेशी मुद्रामा ऋण लिने सम्बन्धमा :**

१. आफ्नै कम्पनीका विदेशी व्यक्तिगत लगानीकर्ताबाट नेपालमा ऋण लगानी गर्ने सम्बन्धमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ बमोजिम प्रक्रिया पुरा गरी आफ्नो नियामक निकाय वा नेपाल सरकार, उद्योग मन्त्रालय, उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागबाट प्राप्त स्वीकृतिपत्र ।

२. ऋण लिने फर्म/कम्पनी/उद्योग/अन्य संस्था र ऋण दिने विदेशी व्यक्तिगत लगानीकर्ता बिच भएको सम्झौता ।

३. ऋण बैकिंङ्ग प्रणालीबाट प्राप्त हुने प्रतिवद्धता पत्र ।

४. विदेशबाटै ऋण लिनुपर्ने आवश्यकता पुष्टि हुने कागजात ।

५. सम्वन्धित फर्म/कम्पनी/उद्योग/अन्य संस्थाको ऋण लिने सम्वन्धी निर्णयको प्रतिलिपि ।

६. व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कर चुक्ता गरेको अद्यावधिक विवरण र प्रवन्धपत्र तथा नियममावली भए सो सम्बन्धी कागजातहरु ।

७. ऋण लिने फर्म/कम्पनी/उद्योग/अन्य संस्था कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाणित हुने कागजात ।

८. ऋण चुक्ता गर्ने आधार खुल्ने कागजात ।

९. विनिमय जोखिमको सम्भावना र त्यसलाई व्यवस्थित गर्ने आधार खुल्ने कागजात ।

१०. कर्जा प्रदान गर्ने विदेशी व्यक्तिको लेखापरिक्षकबाट प्रमाणित आय/सम्पत्ती विवरण वा करको दायरामा रहेको प्रमाणित हुने कागजात र कर्जाको श्रोत ।

११. कर्जा ल्याउने तथा फिर्ता लैजाने समय तालिका (Time Schedule) उल्लेख भएको कागजात ।

१२. विदेशबाट ऋण भित्र्याउने फर्म/कम्पनी/उद्योग/अन्य संस्थाले विदेशबाट लिइने भनिएको ऋण नेपालकै वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुबाट आवश्यक परिमाण र व्याजदरमा लिन नसक्ने अवस्था सृजना भएको कुरा निवेदनमा विस्तृत रुपमा उल्लेख भएको हुनुपर्ने ।

१३. विदेशी व्यक्तिगत लगानीकताले प्रवाह गर्ने ऋणको हकमा नेपालमा पुँजी/शेयरमा गरेको लगानीको ६० प्रतिशत भन्दा बढी ऋण दिन नपाइने अर्थात् Debt/Equity Ratio ६०:४० भन्दा बढी हुन नहुने ।

१४. विदेशबाट ऋण लिन चाहने नेपाली फर्म/कम्पनी/उद्योग/अन्य संस्थाहरुले विदेशबाट लिने ऋणको व्याजदर निर्धारण गर्दा प्रचलित वार्षिक Libor rate मा २.०० प्रतिशत भन्दा बढी प्रिमियम दर थप गर्न नपाइने ।

१५. ऋण बापतको रकम सम्बन्धित फर्म/कम्पनी/उद्योग/अन्य संस्थाको तोकिएको क्षेत्रमा नै उपयोग गर्नुपर्ने ।

१६. ऋण प्राप्त भएको ३५ दिन भित्र सोको विवरण सहित यस बैंकमा अनिवार्यरुपमा लेखाङ्कन गराउनुपर्ने ।

मिति : ४ मङ्सिर, २०७२